## नगर कार्यपालिका बोर्ड बैठक नं. ४०

आज मिति २०७६।०५।०७ गते शनिवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश राय यादवज्यूको अध्यक्षतामा निम्नानुसारका पदाधिकारीहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजेश राय यादव | | |
| २ | नगर उप-प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हरिओम प्रसाद सोनार | | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री राजेश कुमार महतो | | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री म.जलालुदिन मंसुर | | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री जाटाशंकर सहनी | | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री रामअयोध्या प्रसाद | | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री गम्भीरालाल प्रसाद | | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री सैफुल्लाह मिया अंसारी | | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिक्रम यादव | | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री डा.अख्तर आलम अंसारी | | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री शंकर प्रसाद गुप्ता | | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री सर्व नारायण चौधरी | | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री राजेश्वर प्रसाद केशरी | | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री राजन प्रसाद कुर्मी | | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री सुरेन्द्र प्रसाद जैयसवाल | | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री भोरिक प्रसाद यादव | | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री शेषनाथ साह तेली | | |
| १९ | वडा अध्यक्ष वडा नं. १७ | श्री सुगन्ध प्रसाद महतो कोइरी | | |
| २० | वडा अध्यक्ष वडा नं. १८ | श्री अम्बिका प्रसाद यादव | | |
| २१ | वडा अध्यक्ष वडा नं. १९ | श्री लतिफ मिया ठकुराई | | |
| २२ | वडा अध्यक्ष वडा नं. २० | श्री म. इमामुदिन | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | वडा अध्यक्ष वडा नं. २१ | श्री पुनदेव प्रसाद रौनियार | | |
| २४ | वडा अध्यक्ष वडा नं. २२ | श्री लालबाबु प्रसाद यादव | | |
| २५ | वडा अध्यक्ष वडा नं. २३ | श्री बिक्रम साह कानु | | |
| २६ | वडा अध्यक्ष वडा नं. २४ | श्री हरिलाल चौधरी | | |
| २७ | वडा अध्यक्ष वडा नं. २५ | श्री राजेश्वर प्रसाद स्वर्णकार | | |
| २८ | वडा अध्यक्ष वडा नं. २६ | श्री महेश साह | | |
| २९ | वडा अध्यक्ष वडा नं. २७ | श्री रेयाजुल हक अंसारी | | |

नगर कार्यपालिका सदस्यहरु

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| ३० | वडा सदस्य क.उ.म.न.पा. वडा नं. १५ | श्री गंगाजली दुसादिन | | |
| ३१ | वडा सदस्य क.उ.म.न.पा. वडा नं. १८ | श्री बदन देवी कुर्मिन | | |
| ३२ | वडा सदस्य क.उ.म.न.पा. वडा नं. ७ | श्री भवरिया दुसादिन | | |
| ३३ | वडा सदस्य क.उ.म.न.पा. वडा नं. १६ | श्री शिला देवी कुर्मिन | | |
| ३४ | वडा सदस्य क.उ.म.न.पा. वडा नं. ९ | श्री सुसिला देवी लोहारिन | | |
| ३५ | कलैया उ.म.न.पा. वडा नं. ३ | श्री मोहन साह कानु | | |
| ३६ | कलैया उ.म.न.पा. वडा नं. २३ | श्री रामलखन राउत भेडिहर | | |
| ३७ | प्रमुख प्रशासकिय अधिकृत | श्री हरिनारायण वेलवासे | | |

**कलैया उप-महानगरपालिका**
**नगर कार्यपालिकाको**
**४०औं बैठकका प्रस्ताव तथा निर्णयहरु**

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. २, कलैया, बारा २०७३

मिति २०७६/५/७ गते शनिवार

१. **प्रस्तावः- योजना विवरण उपलब्ध गराउने सम्बन्धमा |**
निर्णय :- चालु आ.व. को लागि बजेट सिलिङ्ग भित्र रही वडा स्तरीय योजनाहरुको बिवरण माग भएता पनि १८ वटा वडा कार्यालयहरुबाट योजनाहरुको बिवरण नआउदा योजनाहरुको एकिकृत बिवरण तयारी तथा सर्वे ल. इ. आदि तयारीमा समस्या भएकाले वडास्तरीय योजनाहरुको बिवरण मिति २०७६/५/१५ गते भित्र यस क.उ.म.न.पा. को सुचना शाखामा उपलब्ध गराउने निर्णय गरियो |

२. **प्रस्तावः- " घ" वर्गको निर्माण व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धमा |**
निर्णय :- (क) "घ" वर्गको निर्माण व्यवसाय इज्जाजत पत्र जाँच बुझ समितिबाट सिफारिस भएका तपसिलमा उल्लेखित ६ वटा निर्माण व्यवसायीहरुलाई नियमानुसार इज्जाजत पत्र उपलब्ध गराउन सहमति प्रदान गर्ने निर्णय गरियो |

<u>तपसिल</u>

- आदर्श कन्स्ट्रक्सन
- सुवास निर्माण सेवा
- कम्बाइन कन्स्ट्रक्सन
- साहिल निर्माण सेवा
- जय माता दि कन्स्ट्रक्सन र
- माँ भवानी निर्माण सेवा

(ख) साथै क.उ.म.न.पा. को "घ" वर्गको निर्माण व्यवसायी इज्जाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ को दफा ७ अनुसार नविकरण नभएका निर्माण व्यवसायीहरुलाई एक पटकको लागि २०७६ असोज मसान्त सम्म नवीकरण गराउन छुट दिने भनि सर्व सहमति बाट निर्णय गरियो |

३. **प्रस्तावः- वडा नं. १० स्थित निलकण्ठवामा रहेको माछा पोखरीको टेणडर दररेट घटाउने सम्बन्धमा |**
निर्णयः- यस उप महानगरपालिकाको वडा नं. १० स्थित निलकण्ठवामा रहेको माछा पोखरीको ठेक्का तेस्रो पटक न्युनतम अंक रु. ४६,७७,७५०/- मा सुचना प्रकाशित गर्दा पनि ठेक्का बन्दोबस्त नभएकोले पुनः साबिक न्युनतम अंकमा सार्वजनिक खरिद ऐन बमोजिम १०% घटाई न्युनतम रु. ४२,१०,०००/- कायम गरि सुचना प्रकाशित गर्ने निर्णय गरियो |

४. **प्रस्तावः- चालु आ.व. मा कार्य योजना बनाइ सोहि बमोजिमको योजनाहरु कार्यान्वयन गर्ने गराउने सम्बन्धमा |**
निर्णयः- चालु आ.व. मा समय मै योजना कार्यान्वयन गर्नको लागि कार्तिक मसान्त सम्म सम्पूर्ण योजनाहरुको सर्वे डिजाइन लागत इस्टिमेट तयार गर्ने तथा मङ्सिर मशान्त भित्र ठेक्का बन्दोवस्ती वा उपभोक्ता समिति संग सम्झौता एवं कार्यदिशका लागि नगरपलिकालाइ तत्काल अवश्यक तयारी थालनी गर्न निर्देशन गरीयो र सो काममा पुनः सहयोग गर्ने निर्णय गरियो |

५. **प्रस्तावः- बाँकी बक्यौता असुल उपर गर्ने सम्बन्धमा |**
निर्णयः- गत बिगत आ.व. देखि सम्पूर्ण ठेक्काहरुमा बाकि रहेका पुरानो बक्यौताहरुको सम्बन्धमा रकम एकिन गरी यथा सिघ्र नियमानुसार लिलामी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो |

६. **प्रस्तावः- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा |**
निर्णयः- सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित बनाउन वडा तथा न. पा. बाट तथ्यांक अध्यावधिक गर्ने निर्णय गरियो | साथै पेन्सन पाइरहेको व्यक्ति वा निजको आश्रित परिवारले सो सुविधा नपाउने जस्ता विषयमा व्यापक प्रचार प्रसार गर्ने गराउने र अपाङ्ग तथा बालपोषण भत्ता समेत अनिवार्य रुपमा बैंक मार्फत मात

७. प्रस्तावः- घर बहालकर संकलनको लागि कर्मचारी परिचालन समन्धमा।

निर्णयः- यस उप महानगरपालिका क्षेत्र भित्र घर बहालमा लगाउने घरधनीहरु मध्ये साविकमा अन्तरिक राजश्व कार्यालयमा घर बहाल कर दाखिला गर्ने घरधनीहरु मध्ये केहि नगन्य बाहेकले न.पा.मा बहालकर नबुझाएको अवस्था भएकाले घर बहाल कर असुलीको लागि विवरण वा लगत संकलन गरि अध्यावधिक गर्न र घरबहाल रकम असुलीको लागि नगरपालिकाले समिति बनाई जनशक्ति परिचालन गर्ने र सो कार्यमा सम्वद्ध वडा कार्यालय कार्यपालिका सदस्यहरुले कार्यतालीका बमोजिम अगुवाइ गर्ने निर्णय गरियो।

८. प्रस्तावः- कार्यालयका अभिलेखहरुलाइ व्यवस्थित गर्न Software जडान सम्बन्धमा( जिन्सी, योजना, राजश्व, कर्मचारी( HRM), अर्थिक प्रशासन तथा दर्ता, चलानी )

निर्णयः- नेपाल सरकारले निकाशा प्रणालीलाइ सुत्र प्रणालीलाई अनिवार्य गरेको अथवा भएकले सो को अवलम्बन गर्न र यस उ.म.नगरकार्यपालिका अन्तरगतका जिन्सी, योजना, राजश्व, कर्मचारी व्यवस्थापन प्रणाली (HRMS), दर्ता चलानी को कार्यहरु software मार्फत संचालन गर्नु पर्ने हुँदा software जडानको लागि तत्काल प्रक्रिया अगाडी बढाउन नगरकार्यपालिकालाइ निर्देशन दिने निर्णय गरियो।

९. प्रस्तावः- संकलित राजश्व नियमित दाखिला तथा अभिलेख सम्बन्धमा।

निर्णयः- चालु आ. व. को आर्थिक ऐन बमोजिम राजस्व असुली यथा समयमा राजश्व दाखिला तथा अभिलेख गर्न वडा सचिव र सम्बन्धित कर्मचारीलाई निर्देशन दिने र सो कार्य को पालना नभएमा संकलित वा सङ्कलन हुनु पर्ने रकमको २०% जरिवाना सहित सम्बन्धित कर्मचारीको तलबबाट कटा गरि असुल उपर प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन गर्ने निर्णय गरियो।

१०. प्रस्तावः- सहकारी संस्थाको नाम परिवर्तन सम्बन्धी कार्यविधि, २०७६ को मस्यौदा सम्बन्धमा।

निर्णयः- सहकारी सस्थाहरुको नाम ठेगाना परिवर्तन सम्बन्धी कार्यविधी, २०७६ सर्व समितिबाट अनुमोदन गरियो।

११. प्रस्तावः- आ.व. २०७५/७६ को योजना क्रमागत गर्ने सम्बन्धमा।

निर्णयः- नगरसभाको निर्णय बमोजिम आ.व. २०७५/७६ को लागि तोकिएको र कार्यान्वियनको लागि सम्झौता तथा कार्यादेश दिएको वा भएको, कम्तिमा ७ लाख वा सो भन्दा बढी रकमका योजनाहरु कार्य शुरु भइ कार्य सम्पन्न हुन मात्र बाकी रहेको कार्य सम्पन्न नहुदा वा नगर्दा श्रोतको सदुपयोग र जनताको सेवा सुविधा समेतमा मध्यनजर गरी त्यस्ता योजनाहरुको अभिलेख तयार गरी चालु आ.व. को कार्यक्रममा समावेश गरी २०७६ मङ्सिर मसान्त भित्रमा कार्य सम्पन्न गर्ने गरी म्याद थप नगरिने शर्तमा कार्यान्यनको लागि नगरकार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

१२. प्रस्तावः- ODF घोषणा गर्ने सम्बन्धमा।

निर्णयः- मिति २०७६ /०५/२७ गते यस बारा जिल्लालाई खुल्ला दिशामुक्त घोषणा हुने मिति तय भएको हुदा यस उप-महानगरपालिकालाई मिति २०७६/५/२५ गते खुल्ला दिशामुक्त नगर घोषणा गर्ने गराउन सर्व समितिबाट निर्णय गरियो।

१३. प्रस्तावः- बजारको बिटौरी करको तालिका सम्बन्धमा।

निर्णयः- बजार बिटौरी कर सम्वन्धमा नगर सभाबाट पारित भएका बिटौरीको दर रेट सुची तयार गरि बजार क्षेत्रको विभिन्न ठाउँहरुमा सार्वजनिक गर्ने निर्णय गरियो।

१४. प्रस्तावः- वडा कार्यालयहरु व्यवस्थापन सम्बन्धमा।

निर्णयः- २०७६ भाद्र मसान्त भित्र आ-आफ्ना वडाहरुलाई व्यवस्थापन गर्न चाहिने जिन्सी सामानहरुको सुची पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

१५. प्रस्तावः- सटर नं. ११६को धरबहाल दस्तुर असुल गर्ने सम्बन्धमा।

निर्णयः- न.पा. बाट निर्मित १२७ वटा सटर कबलहरु मध्ये ११६ नं. को सटर भाडामा लिएको व्यवासायीले न.पा. को अनुमति बिना सटर बिक्रि गरि न.पा. लाई हानि पुर्याउने गलत नियत राखेको हुँदा निजको नामको लगत खारेज गरि उक्त सटरमा हाल व्यवसायरत व्यक्तिको नाममा लगत कायम गरि निजबाट न.पा. बाट तोकिएको दररेट बमोजिम घर बहाल लगायत अन्य दस्तुर शुल्क उठाउने निर्णय गरियो।

*****